# म्याग्दे गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः७ संख्याः१५ प्रकाशन मितिः२०८०/०९/१७

**भाग-२**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम म्याग्दे गाउँ कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**म्याग्दे गाउपालिकाको नदीजन्य पदार्थको अमानतबाट कर संकलन गर्ने सम्बन्धी कार्यविधि - २०८०**

गाउँपालिकाबाट स्वीकृत मितिः२०८०/०९/१६

म्याग्दे गाउँपालिका, तनहुँ

म्याग्दे गाउपालिकाको नदीजन्य पदार्थको अमानतबाट कर संकलन गर्ने सम्बन्धी कार्यविधि २०८०

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति २०८०।०९।१६

प्रस्तावनाः

म्याग्दे गाउँपालिकाको क्षेत्र भित्रका सेती नदी, म्याग्दे खोला, सागे खोला, गुणादी खोला, स्याङ्गदे खोला , छिर्दी खोला, लगाएत आसपासका खहरेहरु वाट संकलन र उत्खनन् हुने नदीजन्य ( ढुङ्गा, गिटी, वालुवा, गेग्रान आदी ) को उचित व्यवस्थापन गरी विक्री वितरण गर्न र सार्वजनिक निर्माण कार्यलाई सहज वनाउन तथा आन्तरीक राजश्व चुहावट तथा नदी जन्य ढुङ्गा गिटी वालुवा गेग्रान चोरी निकाशी नियन्त्रण गर्नको लागी सम्वन्धीत खोलाहरुको प्रारम्भीक वातावरणीय परिक्षण प्रर्तिवेदन (क्ष्भ् ) स्वीकृत भई वार्षिक रुपमा २ पटक सम्म ठेक्का सुचना लगाउदा पनि ठेक्का वन्दोवस्त नभए पश्चात समयमा नै राजश्व उठाउने प्रयोजन तथा अमानत वाट कर संकलन सम्वन्धी कार्य गर्नको लागी म्याग्दे गाउपालिकाको स्थानीय वातावरण तथा प्राकृर्तिक श्रोत संरक्षण ऐन २०७६ को परिच्छेद ८ दफा ५७ को उपदफा २ तथा दफा ६६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरि गाउकार्यपालिका ले यो कार्यविधि वनाएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम म्याग्दे गाउँपालिकाको नदीजन्य पदार्थको अमानत वाट कर संकलन गर्ने सम्वन्धी कार्यविधि २०८० रहेको छ ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अको अर्थ नलागेमा यस कार्यविधिमा

(क) “संविधान ” भन्नाले नेपालको संविधान सम्झनु पर्दछ ।

(ख) “ गाउँपालिका ” म्याग्दे गाउँपालिका सम्झनु पर्दछ ।

(ग) “अध्यक्ष ” भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(घ) “उपाध्यक्ष” भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(ङ) “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले स्थानिय सरकार सञ्चालन ऐनको दफा ८४ वमोजिमको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ ।

(च) “कार्यपालिका” भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(छ) “गाउँ सभा” भन्नाले संविधानको धारा २२२ को उपधारा (१) वमोजिम गाउँसभा सम्झनु पर्छ ।

(ज) “नदीजन्य पदार्थ” भन्नाले गाउँपालिका, भित्र रहेका सेती नदी, म्याग्दे खोला, सागे खोला, गुणादी खोला, स्याङ्गदे खोला , छिर्दी खोला, लगाएत विभिन्न खोल्सा तथा नदी किनार वाट उत्खनन् गरिने ढुङ्गा गिटी , वालुवा, गेग्रान आदी साधरण निर्वाहामुखी पदार्थ लाई जनाउदछ ।

(झ) “वडा” भन्नाले गाउँपालिकाका वडा सम्झनु पर्छ ।

(ञ) "वडा अध्यक्ष" भन्नाले वडाको अध्यक्ष सम्झनु पर्छ ।

(ट) "सिफारीस समिति " भन्नाले दफा ४ को उपदफा ४ बमोजिमको सिफारीस समिति सम्झनु पर्दछ ।

(ठ) "अनुगमन समिति" भन्नाले दफा ६ को समिति सम्झनु पर्दछ ।

(ड) "मापदण्ड " भन्नाले ढुङ्गा गिटी , वालुवा उत्खनन् , विक्री, तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ तथा पहिलो संशोधन २०७९ समेत लाई जनाउदछ ।

**(३) अमानतबाट कर संकलन सम्बन्धी व्यवस्थाः** (१) म्याग्दे गाउँपालिकाले प्रारम्भीक वातावरणीय परिक्षण प्रर्तिवेदन बमोजिम प्रत्येक आर्थिक वर्षमा दुई पटक वा राजश्व असुलीमा असर नपर्ने समय भएमा गाउँकार्यपालिकाको निर्णय अनुसार अन्तिम रुपमा १५ दिने तेश्रो पटक ठेक्का सुचना प्रकाशन गर्दा पनि ठेक्का वन्दोवस्त नभएको वा नलागेको दुवै अवस्थामा गाउँकार्यपालिकाको निर्णय अनुसार अमानतबाट कर संकलन गर्ने गरी खुल्ला रुपमा सुचना प्रकाशन गरी स्वीकृत आई.ई.ई को परिणाम मात्र उत्खनन् संकलन गर्ने गरी निवेदन लिई इच्छुक ब्यक्ती फर्म तथा सस्था लाई माग निवेदन बमोजिम एकल तथा व्यक्तीगत निवेदकलाई पटक पटक गरी छुट्टा छुट्टै परिणाम उठाउने गरी प्रदेश आर्थिक ऐन अनुसार कर लिई अनुमती दिने वा एकै पटक पुरै परिणाम उत्खनन् गर्ने गरी एकै व्यक्ती , सस्था, कम्पनी, वा सरोकार समुह मार्फत निवेदन गरी उठाउने गरी अनुमती माग गर्नेलाई अनुमती दिने समेत लाई वुझिन्छ ।

(२) उपदफा १ मा जुनसुकै विषय उल्लेख भएता पनी सानो परिणाम मात्र उत्खनन् गर्न मिल्ने साथै ठेक्का लगाउदा जोखीम हुने अवस्था सगै प्रारम्भीक वातावरणीय प्रर्तिवेदनको परिणाम र प्रदेश आर्थिक ऐन अनुसार रु ५ लाख भन्दा कम शुल्क असुल हुने साना खोला खोल्सा तथा घाटहरुको हकमा एक पटक पनि ठेक्का वन्दोवस्त नगरी गाउँकार्यपालिकाको निर्णय अनुसार प्रदेशको दर अनुसार राजश्व असुल गरी गाउपालिकाका स्थानीय पुर्वाधार निर्माण गर्ने उपभोक्ता समिति, तथा अन्य व्यक्ती तथा समुह लाई नदी जन्य पदार्थ उत्खनन् तथा संकलन को लागी अमानतबाट अनुमती दिन वाधा पर्ने छैन ।

(३) उपदफा १ र २ मा जुनसुकै विषय उल्लेख भएता पनी जतीसुकै परिणामको नदी जन्य ढुङ्गा गिटी, वालुवा, र ग्रेगान को प्रारम्भीक वातावरणीय प्रर्तिवेदनले उल्लेख गरेको परिणाम गाउपालिका आफैले नदीजन्य घाटमा नै नगर प्रहरी तथा अन्य कर्मचारी खटाई प्रचलीत प्रदेश आर्थिक ऐन अनुसार को शुल्क नगदी रसीदबाट वा वैंक खातामा रकम जम्मा गर्न लगाई प्रत्यक्ष निगरानीमा विक्री वितरण तथा उठाई लैजान दिनको लागी अनुमती दिन वाधा पर्ने छैन ।

(४) प्रदेश आर्थिक ऐनमा तोकीएको दररेटमा १३ प्रतिसत मु.अ. कर समेत समावेश गरी कर संकलन गरिनेछ,

(५) यसरी मु.अ.कर. वापतको रकम सम्वन्धीत आर्थिक वर्षको जेष्ठ मसान्त भित्र नेपाल सरकारको सम्वन्धीत राजश्व खातामा जम्मा गर्नुपर्ने छ,

(६) प्रारम्भीक वातावरणीय अध्यन प्रर्तिवेदनको म्याद समाप्त भएको अवस्थामा नया प्रर्तिवेदन तयार नभए सम्मको लागी तत्काल अघि कार्यन्वयन भएको प्रर्तिवेदन लाई आधार मानेर क्षेत्र तथा परिणाम निर्धारण गर्न सकिनेछ ।

(७) नदीजन्य पदार्थको उत्खनन् गर्दा श्रममुलक प्रविधिको उपयोग गरी, घरेलु हाते औजार ( कुटो कोदालो, सावेल आदी ) मात्र प्रयोग गर्न सकिनेछ । मेशीन प्रयोग गर्नुपर्ने अवस्थामा वातावरण संरक्षण ऐन २०७६ र तत् सम्वन्धी नियमावली मापदण्ड, प्रारम्भीक वातावरणीय अध्यन प्रर्तिवेदन तथा प्रचलीत कानुन बमोजिम हुनेछ ।

(८) नदी जन्य पदार्थको उत्खनन् कार्य विहान ६ वजे देखी वेलुका ६ वजे सम्म गर्न सकिने छ ।

(९) नदी जन्य पदार्थ संकलन गर्दा गाउपालिका को राजश्व शाखा, वातावरण शाखा र सम्वन्धीत वडा को वडा प्राविधिक वा अन्य तोकेको प्राविधिक सहितको टिमले गरेको रेखाङ्कन भित्र वाट मात्र गर्नुपर्ने छ ।

(१०) नदी जन्य पदार्थको उत्खनन् संकलन तथा विक्री वितरण कार्यमा वालश्रमको प्रयोग गर्न पाईने छैन ।

(११) नदी जन्य पदार्थको उत्खनन् संकलन कार्यमा संग्लग्न कामदारहरुले अनिवार्य सुरक्षा सामाग्री लगाई कार्य गर्नुपर्ने छ । सुरक्षा सामाग्री प्रयोग नगरी कार्य गरे वा वर्षातको समयमा खोलाले वगाई मानवीय क्षती हुन गएमा सो को जिम्मेवार अनुमती प्राप्त समुह वा स्वयम कामदार नै हुनुपर्ने छ ।

(१२) प्रारम्भीक वातावरणीय परिक्षण प्रर्तिवेदनमा तोकीएको परिणाम र गहीराई भन्दा वढी उत्खनन् गर्न पाईने छैन ।

(१३) खोलाको वहाव परिवर्तन हुने गरी नदी जन्य पदार्थको उत्खनन् र संकलन गर्न पाईन छैन ।

४. **उत्खनन् संकलन र विक्री वितरण प्रक्रियः** गाउँपालिका भित्रकारहेका सेती नदी, म्याग्दे खोला, सागे खोला, गुणादी खोला, स्याङ्गदे खोला , छिर्दी खोला, लगाएत विभिन्न खोल्सा तथा नदी किनार वाट वर्षातको समयमा वगाई ल्याएको सामान्य निर्वाहा मुखी सामाग्रीहरु ढुङ्गा गिटी , वालुवा, गेग्रान आदी नदीजन्य सामाग्री उत्खनन् संकलन वाट निस्केको सामाग्री, एव. स्टक प्रमाणीत नभएको गत वर्षको मौजात नदीजन्य सामाग्रीहरुको शुल्क देहाए बमोजिम असुल उपर गरिने छ ।

४.१ वातावरणीय परिक्षण प्रर्तिवेदन स्वीकृत भई प्रत्येक आर्थिक वर्षमा २ पटक वा राजश्व असुलीमा असर नपर्ने समय भएमा अन्तिम १५ दिने तेश्रो पटक ठेक्का सुचना गर्दा पनि ठेक्का नलागेको हकमा सो पश्चात गाउपालिका ले अमानत वाट कर संकलन गर्ने छ ।

४.२ कर संकलन गर्दा नाका पहिचान गरी कार्यालयले नगर प्रहरी, करार कर्मचारी वा अन्य करार गरी कर्मचारी खटाउने छ ।

४.३ वर्षातको समयमा वगाई ल्याएको नदीजन्य पदार्थ उत्खनन् र संकलनका लागी २ पटक सम्म ठेक्का सुचना प्रकाशन गर्दा वा राजश्व असुलिमा असर नपर्ने समय भएमा अन्तिम रुपमा तेश्रो पटक १५ दिने सुचना प्रकाशन पश्चात ठेक्का नलागेको अवस्थामा गाउपालिका को राजश्व गुम्न नदीनको लागी वेभ साईट मार्फत प्रकाशन गरेको सुचना अनुसार ईच्छुक व्यक्ती, संघ सस्था, दर्ता भएका निर्माण कम्पनी, ठेकेदार कम्पनी, व्यवसायीहरु, निजी घर संरचना निर्माण गर्ने व्यक्तीहरु तथा राष्ट्रिय गौरवको आयोजना निर्माण गर्ने स्वदेशी तथा विदेशी ठेकेदार कम्पनीहरु तथा तिनका प्रर्तिनिधिहरु जो कोहीले वडाको सिफारीस साथ गाउपालिका समक्ष निवेदन दर्ता गराउन सक्नेछन् । यसरी निवेदन दिदा आफुले संकलन गर्न चाहेको क्षेत्र, परिणाम समय,सिमा तोकी अनुमती माग गर्नुपर्ने छ ।

४.४.अनुमती माग भएको कागजात पेश भए पछि देहाएको समितिबाट उत्खनन् क्षेत्र उत्खनन् परिणाम, प्राथामिक्ता समेतको आधारमा आवश्यक जाचबुझ गरी अध्यक्ष समक्ष अनुमतीको लागी सिफारीस गर्नेछ ।

१, गाउद्दपालिकाको उपाध्यक्षः संयोजक

२, वन वातावराण तथा विपद व्यवस्थापन समितिका संयोजकः– संदस्य

३, वातावरण शाखा प्रमुखः सदस्य

४, सम्बन्धित वडाको प्राविधिकः सदस्य

५, स्थानीय प्रहरी प्रमुखः सदस्य

६, अमिनः सदस्य

७, राजश्व शाखा प्रमुखः सदस्य सचिव

४.५.उक्त समितिको सिफारीस र गाउकार्यपालिका को निर्णय अनुसार गण्डकी प्रदेश आर्थिक ऐन अनुसार तोकीएको परिणाम बमोजिम हुन आउने रकम गाउपालिका को खातामा एकै पटक जम्मा गराई वा ६० प्रर्तिसत तत्काले नगद जम्मा गरी वाकी ४० प्रर्तिसतको हकमा सोही आर्थिक वर्ष जेष्ठ मसान्त सम्म को वैंक ग्यारेन्टी ल्याई पेश गरेको आधारमा अध्यक्ष ले प्रारम्भीक वातावरणीय परिक्षण प्रर्तिवेदन ले तोकेको क्षेत्र भित्र उत्खनन् तथा संकलनको परिणाम समय, अवधि तोकी अनुसुचि १ बमोजिमको ढाचामा अनुमती दिन सक्ने छ ।

४.६. जुन दिन नदीजन्य पदार्थ उत्खनन् संकलन गरेको हो सोही दिन विक्री वितरण गर्ने व्यवस्था तथा सो को आफ्नो निजी जग्गामा भण्डारण गर्ने व्यवस्था अनुमती प्राप्त समुहले आफै मिलाउनु पर्नेछ ।

४.७. राष्ट्रिय गौरवको आयोजना तथा गाउपालिका ले सञ्चालन गर्ने आयोजनाको हकमा ढुङ्गा गिटी वालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ को दफा १२ बमोजिम हुनेछ ।

**५. नदी जन्य पदार्थको ओसारपसार सम्वन्धी व्यवस्थाः**

१, संकलन भएको नदीजन्य पदार्थको ओसार पसार गर्ने व्यवस्था स्वयम अनुमती प्राप्त ब्यक्ती सस्था वा निकाय ले मिलाउनु पर्नेछ ।

२. नदीजन्य पदार्थको ओसारपसार गर्ने सवारी साधन लाई अनुमती प्राप्तकर्ता ले अनुसुचि २ बमोजिमको निस्सा उपलब्ध गराउनुपर्ने छ । उक्त निस्सा र कर तिरेको रसिद एक प्रर्ति सवारीचालक ले राखी चेकजाचको समयमा देखाउनु पर्नेछ ।

५.३. त्यसरी निस्सा र कर तिरेको रसिद नलिई हिडेका सवारी साधन लाई नगर प्रहरी तथा सुरक्षाकर्मिले जाचपड्ताल गरी आवश्यक कारवाहीको लागी गाउपालिकामा वुझाउनु पर्नेछ ।

**६. अनुगमन सम्वन्धी** व्यवस्थाः ढुङ्गा गिटी वालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ को दफा ९ को उपदफा ७ बमोजिम गाउपालिकामा नदीजन्य पदार्थको उत्खनन् विक्री र व्यवस्थापन कार्य यस कार्यविधि र वातावरणीय अध्यन प्रर्तिवेदन बमोजिम भए नभएको नियमीत अनुगमन गर्न देहाएको स्थानीय अनुगमन समिति रहनेछ ।

१, गाउँपालिका अध्यक्षः संयोजक

२, गाउपालिका उपाध्यक्षः सदस्य

३, गाउपालिकाको प्रमुख प्रशासकिय अधिकृतः सदस्य

४, सम्वन्धीत वडाको वडा अध्यक्षः सदस्य

५, वन वातावराण तथा विपद व्यवस्थापन समितिका संयोजकः– संदस्य

६, गाउपालिका लेखा प्रमुखः सदस्य

७, वातावरण शाखा प्रमुखः सदस्य

८, सम्बन्धित वडाको प्राविधिकः सदस्य

९, स्थानीय प्रहरी प्रमुखः सदस्य

१०, गाउपालिकाको पुर्वाधार शाखा प्रमुखः सदस्य

११, राजश्व शाखा प्रमुखः सदस्य सचिव

**७. नियम विपरित गर्ने लाई कारवाहीः**

वातावरण संरक्षण ऐन २०७६ र तत्सम्वन्धी नियमावली मापदण्ड, वातावरणीय परिक्षण प्रर्तिवेदन एवं यस कार्यविधि विपरित कार्य गर्ने लाई प्रचलीत कानुन बमोजिम कारवाही हुनेछ ।

**८. नियम विपरित गर्ने लाई कारवाहीः** वातावरण संरक्षण ऐन २०७६ र तत्सम्वन्धी नियमावली मापदण्ड, वातावरणीय परिक्षण प्रर्तिवेदन एवं यस कार्यविधि विपरित कार्य गर्ने लाई प्रचलीत कानुन बमोजिम कारवाही हुनेछ ।

**९. दण्ड जरिवना, पुरस्कार र जफतः** यस कार्यविधि मा उल्लेख भएको व्यवस्था सगै गाउपालिका वाट अनुमती नलीई कसैले पनि नदीजन्य पदार्थ उत्खनन् संकलन अवैध रुपमा चोरी गर्नु हुदैन । यसरी अनुमती विना चोरी गरेको पाईएमा प्रदेश आर्थिक ऐन वा गाउपालिकाको आर्थिक ऐन अनुसार दण्ड जरिवना सगै माल जफत गरिने छ । पटकै पिच्चे सोही सवारीधनी तथा सवारी प्रयोग गरी चोरी निकाशी अवैध उत्खनन् गरेमा दोब्बर जरीवना गरिनेछ । भने यसरी गरीने दण्ड जरीवना ( शुरु मुल्यवरावरको मात्र ) को हकमा समाती ल्याउने नेपाल प्रहरी लाई गाउपालिका को आर्थिक ऐन अनुसार वढीमा २५ प्रतिसत रकम पुरस्कार दिईनेछ ।

**१०. वाधा अडकाउ फुकाउनेः** यस कार्यविधि कार्यन्वयनमा कुनै वाधा अड्चन आएमा कार्यपालिका ले त्यस्तो वाधा अड्काउ फुकाउन सक्नेछ ।

**११. प्रचलीत कानुन बमोजिम हुनेः** ढुङ्गा यस कार्यविधिमा लेखीएका कुराहरु वाहेक अन्य कुराहरुको हकमा वातावरण संरक्षण ऐन २०७६, एंव प्रचलीत कानुनमा उल्लेख भए बमोजिम हुनेछ ।

**१२. कार्यविधि लागुः** १) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति वाट लागु हुनेछ ।

१३. कार्यविधिमा परिर्माजन तथा शंशोधन ः यस कार्यविधिको कार्यन्वयन मा कुनै समास्या देखियमा गाउँ कार्यपालिकाले आवश्यकता अनुसार परिमार्जन शंशोधन गर्न सक्नेछ ।

म्याग्दे गाउँपालिका, तनहुँ

**अनुसुचि १**
**( कार्यविधिको दफा ४ को ४.५ सग सम्वन्धीत )**
म्याग्दे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यलय छाङ्ग तनहुँ

इजाजत चलानी न. मिति

१. संकलन उत्खनन् तथा अनुमती प्राप्त गर्ने ( व्यक्ती, संघ सस्था,उपभोक्ता, निर्माण व्यवसायी आदी को

नामथरः ठेगनाः

सम्र्पक नं.

२, संकलन गर्ने स्थानः

ठेगनाः

नदी खोलाको नामः

चारकिल्ला

पुर्वः पश्चिमः

उत्तरः दक्षिणः

लम्वाई चौडाईः

(३) आई ई मा उल्लेखीत संकलन क्षेत्रः

(४) उत्खनन् अनुमती परिणाम (घन फिट)

(५) प्रवेश वा निकाशी गर्ने नाका वा स्थानको नामः

(६) निकाशीमा प्रयोग हुने सवारी साधनको विवरणः

(७) अनुमती अवधि मिति ..........................देखि .................... सम्म ( विहान ६ देखी वेलुका ६ सम्म)

वोधार्थ

श्री ....................................... ..................................

(अध्यक्ष )

नोटः प्रचलीत कानुन तथा कार्यविधि र मापदण्ड विपरीत उत्खनन् गरेमा सो को कारवाही को भागीदार पुर्ण रपमा अनुमती लिने नै हुनेछ ।

म्याग्दे गाउँपालिका, तनहुँ

**अनुसुचि २**
**( कार्यविधिको दफा ५ को ५.२ सग सम्वन्धीत )**

संकलन उत्खनन् ,अनुमती प्राप्त गर्ने व्यक्ती, संघ सस्था,उपभोक्ता, निर्माण व्यवसायी लगाएत सरोकार आदी ले भर्नेः

१, सामान ढुवानी गर्ने साधनको नामः

२, गाडी न.

३, समयः

४, सामाग्रीको परिणाम घन फिटः

५, सामाग्री लैजाने स्थानः

६, चालकको नामः

७, म्याग्दे गाउपालिका वाट अनुमती प्राप्त पत्रको चलानी न. ........... मिति ................

अनुमती प्राप्त व्यक्तको नामः

दस्तखतः

मितिः

सम्पर्क न.

आज्ञाले

नारायण प्रसाद अधिकारी

प्रमुख प्रशासकीय अधिकृत

म्याग्दे गाउँपालिका, तनहुँ